# विजय लघुवित्त वित्तीय संस्था लिमिटेड

# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय स्तर)

Gaindakot-5 , Nawalparasi

Phone: 078-503122 Fax: 078- 503130 Email: vlbs@vlbs.com.np


## Unaudited Financial Results (Quarterly)

### At the end of fourth Quarter (31/03/2078) of Fiscal Year 2077/78

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,523,236.91** | **4,647,091.71** | **3,956,752.94** |
| 1.1 | Paid-up Capital | 266,597.49 | 266,597.49 | 224,031.50 |
| 1.2 | Reserves and Surplus | 173,382.20 | 162,375.95 | 106,640.14 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 2,902,378.90 | 3,108,616.39 | 2,717,618.97 |
| 1.5 | Deposits (a+b) | 993,908.97 | 947,371.49 | 794,677.07 |
| | a. Domestic Currency | 993,908.97 | 947,371.49 | 794,677.07 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 3,096.85 | 6,367.72 | 1,755.65 |
| 1.7 | Other Liabilities | 183,872.50 | 155,762.67 | 112,029.60 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,523,236.91** | **4,647,091.71** | **3,956,752.94** |
| 2.1 | Cash & Bank Balance | 47,210.25 | 54,465.45 | 85,588.61 |
| 2.2 | Money at call and short Notice | 87,528.32 | 222,724.20 | 316,211.39 |
| 2.3 | Investments | 4,340.49 | 7,252.47 | 9,005.48 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 4,317,915.59 | 4,297,202.69 | 3,487,165.35 |
| 0 | f. Others | 4,317,915.59 | 4,297,202.69 | 3,487,165.35 |
| 2.5 | Fixed Assets | 53,382.16 | 53,060.83 | 51,111.07 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 12,860.09 | 12,386.07 | 7,671.05 |
| **3** | **Profit and Loss Account** | **Upto This Quarter** | **Upto Privious Quarter** | **Upto Corresponding Previous Quarter** |
| 3.1 | Interest income | 615,506.36 | 433,025.18 | 544,938.70 |
| 3.2 | Interest Expense | 235,388.44 | 174,797.70 | 326,791.04 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **380,117.92** | **258,227.48** | **218,147.66** |
| 3.3 | Fees Commission and Discount | 2,568.14 | 1,510.79 | 1,969.60 |
| 3.4 | Other Operating Income | 68,453.43 | 50,237.13 | 61,482.66 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **451,139.49** | **309,975.40** | **281,599.91** |
| 3.6 | Staff Expenses | 118,255.00 | 90,820.78 | 102,084.22 |
| 3.7 | Other Operating Expenses | 73,676.82 | 43,887.15 | 53,716.52 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **259,207.67** | **175,267.47** | **125,799.17** |
| 3.8 | Provision for Possible Loss | 102,364.94 | 34,655.37 | 38,240.49 |
| **D** | **Operating profit (C-3.8)** | **156,842.73** | **140,612.10** | **87,558.68** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 4,189.62 | 2,241.95 | 4,986.02 |
| 3.10 | Write Back of Provision for Possible Loss | 29,177.40 | 28,473.34 | 2,650.55 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **190,209.75** | **171,327.39** | **95,195.25** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | 20.00 |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **190,209.75** | **171,327.39** | **95,215.25** |
| 3.12 | Provision For Staff Bonus | 17,291.80 | 15,575.22 | 8,655.93 |
| 3.13 | Provision For Tax | 54,458.09 | 48,911.45 | 28,412.27 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **118,459.86** | **106,840.72** | **58,147.05** |
| **4** | **Ratios** | **Upto This Quarter** | **Upto Privious Quarter** | **Upto Corresponding Previous Quarter** |
| 4.1 | Capital Fund to RWA | 10.09% | 9.53% | 9.43% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.66% | 3.38% | 3.24% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 78.10% | 64.68% | 70.01% |
| 4.4 | Cost of Funds | 6.48% | 6.51% | 10.60% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 103.71% | 98.31% | 93.09% |

Note: Figures may change subject to instructions, if any, from statutory /regulatory authorities.
Figures are rearranged and regrouped wherever necessary.

| Interest Rate | |
|---|---|
| 1. Deposit 5%- 9.76% | 2. Loan and Advance 14% -15% |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०७७/७८ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**:

(क) यस वित्तीय संस्थाको आ.व. ०७७/७८ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४४.४३ | ४०.९४ | १६५.०४ | १,६९६.६५ | ३.४६ |

**२. व्यवस्थापकिय विश्लेषण** :

क) समिक्षा अवधिमा संस्थाको ऋण लगानी योजना अनुसार बृद्धि भएको छ। आ.व. २०७६/७७ सोही अवधिको तुलनामा समिक्षा अवधिमा खुद नाफामा समेत बृद्धि भएको छ । गत आ.व. २०७७/७८ को दोस्रो र तेस्रो त्रैमासमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको असर केही कमी देखिएता पनि चौथो त्रैमासमा दोस्रो लहरको संक्रमणको कारण व्यवसायिक क्रियाकलापहरुमा केहि नकारात्मक असर परेको छ । विभिन्न स्थानिय निकायहरुले बैशाख, जेठ र असार महिनामा समेत स्थान तोकेर बन्दाबन्दीको निर्णय तथा कोरोना भाईरसको कारण उत्पन्न भय अझसम्म पनि नहटेको कारण समयमै संकलन गर्नुपर्ने ब्याज तथा सावा रकम उठाउन त्यति सहज अवस्था नभएको कारण निष्क्रिय कर्जाको दर केही बढेको छ ।

ख) लघुवित्त वित्तीय संस्थाहरु बिचमा रहेको तिव्र प्रतिष्पर्धाको सामना गर्नको लागि सेवामा विविधिकरण गरी ग्राहक सदस्यहरुलाई छिटो र छरितो सेवा प्रदान गर्ने, संस्थासंग हाल कारोबार गरिरहेका र सम्भाव्य ग्राहकको पहिचान गरी लगानी बढाउदै लैजाने नीति यस संस्थाले लिएको छ। संस्थाले हाल देशका ३५ जिल्लामा ५७ वटा शाखा मार्फत ६४,८८० परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। ग्राहकको चाहाना तथा आवश्यकता अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ। विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको कारणले ग्राहकहरुलाई परेको समस्या न्यूनिकरणका लागि नियामक निकायको निर्देशन भित्र रहि बिभिन्न रणनीति तर्जुमा गरी लागु गरिने छ।

ग) पछिल्लो अवस्थामा देशमा देखिएको कोरोना भाइरसको कारणले समयमा समूह बैठकहरु सञ्चालन हुन नसक्नु, व्यवसाय सहज सञ्चालनको स्थिति नहुनु, कर्जामा दोहोरोपना, दक्ष कर्मचारीको कमी इत्यादिको कारणले संस्थालाई असर पार्ने भएतापनि व्यवस्थापनले लिएको उचित निर्णयका कारण संस्थाको नगद मौज्दात, नाफा तथा नगद प्रवाहमा गम्भीर समस्या परेको छैन् ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण**:

क) त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन ।

ख) यस संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकका विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**:

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सेन्जको वेभसाईट अनुसार यस त्रैमासिक अवधिमा भएको यस संस्थाको शेयर कारोवारको विवरण यस प्रकार छ ।

| अधिकतम मूल्य (रू.) | न्यूनतम मूल्य (रू.) | अन्तिम मूल्य (रू.) | कुल कारोवार दिन | कारोवार भएको शेयर संख्या | कुल कारोवार संख्या |
|---|---|---|---|---|---|
| २,०२१ | १,६५१ | १,८१९ | ६५ | ३९६,३५१ | ७,२०५ |

**५. समस्या तथा चुनौती** :

क) एकै स्थानमा धैरै संस्थाहरुको कार्यक्षेत्र रहेकोले ऋणमा दोहोरोपनमा बृद्धि भएको, कोरोना भाइरसको कारणले सृजित समस्याले समयमा समूह बैठकहरु सञ्चालन हुन नसक्नु, व्यवसाय सहज सञ्चालनको स्थिति नहुनु, र सदस्यहरुको ऋण भार अधिक हुने कारणले निष्क्रिय कर्जाको अंश बढदै जाने देखिन्छ।

ख) काम गर्न उत्सुक दक्ष कर्मचारीहरुको अभाव, कार्यक्षेत्रको भौगोलिक विकटताका कारण कर्मचारी उत्पादकत्व कम हुने र सोही कारणले सञ्चालन लागत बृद्धि हुनु संस्थाको समस्याको रुपमा रहेका छन् ।

ग) सञ्चालन खर्च बढी हुनु संस्थाको चुनौतिको रुपमा रहेको छ ।

**६. संस्थागत सुशासन**:

संस्थागत सुशासनलाई कायम गर्नको लागि नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएको निर्देशनहरुको पालना गरिएको छ। संस्थाको सुशासन अभिवृद्धि तथा संस्थाले गर्ने कार्यहरुलाई पारदर्शि एवं नियम संगत गर्नका लागि आवश्यकता अनुसार विभिन्न समितिहरु गठन गरिएको छ। संस्थाको कारोवारलाई व्यवस्थित गर्न आवश्यकता अनुसार नीति तथा निर्देशिका तर्जुमा गरि उक्त नीति तथा निर्देशिकाहरुको कडाईका साथ पालना गरी संस्थालाई अगाडि बढाउन व्यवस्थापन प्रतिबद्ध रहेको छ।

**७. सत्य, तथ्यता सम्बधमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य, र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित भई आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।